# भूपि लिएर माइकल

ललितपुर (कास)- नेपाली साहित्यमा सदावहार पढिने र चर्चा गरिने कवि भूपि शेरचनको जीवन र उनले बेहोरेको समयको वृत्तान्त अब अंग्रेजीमा पढ्न पाइने भएको छ ।

नेपाली भाषा र साहित्यका अध्येता डा. माइकल हटले पाँच वर्षजति लगाएर लेखेको 'द लाइफ अफ भूपि शेरचन' लन्डनस्थित अक्सफोर्ड युनिभर्सिटी प्रेसबाट यसै साता प्रकाशन भएको छ ।

'मैले आफ्नो शोधमा कवि भूपिलाई किन छानैं भने उनले कवितामा गर्ने प्रभावकारी प्रतिनिधित्व र उनले बेहोरेको समयको सम्बन्ध लोभलाग्दो छ,' बुधबार धोबीघाटनजिकै आफन्तको फ्लाटमा भेटिएका हट भन्दै थिए, 'सुरुमा भूपिको बायोग्राफी लेख्न चाहेको थिएँ तर एकैसाथ उनले भोगेको समाज, उनीमाथिको कम्युनिस्ट प्रभाव र राष्ट्रिय राजनीतिको झल्को पनि यो कृतिमा समेट्ने प्रयास गरेको छु ।'

२ सय पृष्ठको पुस्तकमा भूपिका ६० कविताको अंग्रेजी अनुवाद र ४० दुर्लभ तस्बिरसमेत समेटिएका छन् । एक वर्षअघि मात्रै लीलबहादुर क्षेत्रीको 'बसाइँ' उपन्यासको अंग्रेजी अनुवाद 'माउन्टेड पेन्टेड विथ टमर्रिक' बजारमा ल्याएका डा. हट अहिले युनिभर्सिटी अफ लन्डनको स्कुल अफ ओरिएन्टल एन्ड अफ्रिकन स्टडिजमा नेपाली भाषाका प्राध्यापक हुन् । उनले भुटानी शरणार्थीको मुद्दामाथि 'अनबिकमिङ सिटिजन' नामक पुस्तक पनि प्रकाशित गरेका छन् ।




भूपिको जीवन लेख्ने क्रममा उनका मित्रहरू अम्बर गुरुङ, चेतन कार्की, धुस्वाँ सायमी, मोहन कोइराला, रत्नशमशेर थापा, तेजनाथ घिमिरे, बैरागी काइँला, कृष्णभक्त श्रेष्ठ, सुकन्यालगायतसँग कुराकानी गरिएको डा. हटले बताए ।

यो पुस्तकमा 'घुम्ने मेचमाथि अन्धो मान्छे', 'निर्झर', 'नयाँ झ्याउरे गीत' लगायत दुई वर्षअघि शिव रेग्मीको सम्पादनमा आएको भूपिका नयाँ कविता संग्रहको संकलनबाट अनुवादका लागि कविताहरू छानिएको उनले बताए ।

'भूपि कवितामा भित्रभन्दा बढी बाहिर हेर्छन् । उनका कविताबाट उनको जीवन बुझ्न कठिन छ जस्तो अरू कतिपय कविको जीवनसँग कविताको भाव मिल्दो हुने गर्छ,' उनी भन्दै थिए । भूपि एउटा व्यक्तिका रूपमा अपूर्ण लागे पनि उनी कवि भने 'महान्' हुन् भन्ने निक्यौंल रहेछ हटको ।

**'मैले भूपिलाई किन छानैं भने उनले कवितामा गर्ने प्रभावकारी प्रतिनिधित्व र उनले बेहोरेको समयको सम्बन्ध लोभलाग्दो छ**

'उनी नेपालका बारे बोल्छन्, नेपालीलाई सम्बोधन गर्दै बोल्छन्,' उनको निक्यौंल छ । माइकललाई भूपिबाहेक व्यक्तिका रूपमा पनि अत्यन्त सरल र सहज लाग्ने कविपात्र भूपिमाथिको यो परियोजनापछि माइकलले पूर्व छापामारहरूको जीवन, ऐतिहासिक पात्र योगमाया र सार्वजनिक धारणा बन्ने प्रक्रियाबारेका तीन अलग काम सुरु गरेका रहेछन् ।



'हरेक वर्ष अथवा वर्षमा दुईपटक सृजनात्मक बन्न र रिफ्रेसमेन्टका लागि नेपाल आइरहेको हुन्छु,' उनले सुनाए, 'अब यही शुक्रबार मात्रै नेपाल-नेपालीका ज्ञाता जोन ह्वेप्टनसँग साथ लागेर दुईदिने गोर्खा भ्रमणमा जाँदै छु । अनि फिरेर लन्डन लाग्नेछु ।'